नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, वैशाख ३ गते, २०७५ साल (संख्या १

भाग ३

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

सूचना

व्यापार तथा निकासी प्रबर्द्धन विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७३

व्यापार तथा निकासी प्रबर्द्धन विकास समिति (गठन) आदेश, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

आधिकारिकता मदण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "व्यापार तथा निकासी प्रबर्द्धन विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **व्यापार तथा निकासी प्रबर्द्धन विकास समिति (गठन) आदेश, २०६३ को दफा २ मा संशोधन**: व्यापार तथा निकासी प्रबर्द्धन विकास समिति (गठन) आदेश, २०६३ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) "मन्त्रालय" भन्नाले वाणिज्य मन्त्रालय सम्झनु पर्छ ।"

३. **मूल आदेशको दफा ३ मा संशोधन**: मूल आदेशको दफा ३ को,-

(१) उपदफा (२) र (३) को सट्टा देहायको उपदफा (२) र (३) राखिएका छन्:-

"(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क)	वाणिज्य मन्त्री वा राज्यमन्त्री	- अध्यक्ष
(ख)	सचिव, मन्त्रालय	- सदस्य
(ग)	सचिव, अर्थ मन्त्रालय	- सदस्य
(घ)	सचिव, उद्योग मन्त्रालय	- सदस्य
(ङ)	महानिर्देशक, वाणिज्य विभाग	- सदस्य
(च)	अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ	- सदस्य
(छ)	अध्यक्ष, नेपाल उद्योग परिसंघ	- सदस्य
(ज)	अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श	- सदस्य
(झ)	वाणिज्यशास्त्र, अर्थशास्त्र, व्यवस्थापन वा कानून विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको र उद्योग तथा वाणिज्य क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त व्यक्तिहरुमध्येबाट दफा ८ बमोजिमको	

आधिकारिकता मदण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हुनेछ।

समितिको सिफारिसमा समितिले
मनोनीत गरेको दुई जना -सदस्य
(ञ) कार्यकारी निर्देशक -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (झ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ र निज पुनः एक पटक मनोनयन हुन सक्नेछ ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी सदस्यबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौकाबाट बञ्चित गरिने छैन ।"

४. **मूल आदेशको दफा ४ मा संशोधन** : मूल आदेशको दफा ४ को खण्ड (ढ) पछि देहायका खण्ड (ढ१), (ढ२), (ढ३), (ढ४), (ढ५), (ढ६), (ढ७), (ढ८), (ढ९), (ढ१०) र (ढ११) थपिएका छन्:-

"(ढ१) मुलुकको वैदेशिक व्यापारको विकास, विस्तार तथा प्रवर्द्धन गरी व्यापार घाटालाई न्यूनीकरण गर्ने उपाय पत्ता लगाउने,

(ढ२) नेपाली वस्तुको उच्च निर्यातको सम्भाव्यता भएका मुलुकहरुको विवरण तयार गर्ने,

(ढ३) नेपाली उद्यमी, व्यवसायीलाई आफ्नो उत्पादन विदेशी बजारमा पुऱ्याउन आवश्यक सहजीकरण र समन्वय गर्ने,

(ढ४) अन्तर्राष्ट्रिय बजारको मागको प्रकृति अनुसार निजी क्षेत्रलाई वस्तु विकास, प्याकेजिङ्ग तथा लेबलिङ्गमा सुधार गर्ने कार्यमा सहयोग पुऱ्याउने,

आधिकारिकता मदण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हनेछ।

(ढ५) नेपाली उद्यमी तथा व्यवसायीलाई भौगोलिक सङ्केतीकरण, सामूहिक ट्रेडमार्क जस्ता व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति दर्ता गर्ने कार्यमा सहयोग पुऱ्याउने,

(ढ६) अन्तर्राष्ट्रिय बजारमा नेपालका उत्पादन र लगानीको सम्भाव्यताका बारेमा गैर आवासीय नेपाली संस्था, कूटनीतिक तथा वाणिज्य नियोगसँग समन्वय गरी प्रचार प्रसार गर्ने, गराउने,

(ढ७) निर्यात योग्य वस्तु तथा सेवाहरुको उत्पादन, बजार पहुँच, व्यवस्थापन तथा प्रबर्द्धनका विषयमा तालिम कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ढ८) स्वदेशी तथा विदेशी प्राज्ञिक संस्थासँग समन्वय गरी अन्तर्राष्ट्रिय व्यापारका विभिन्न विषयमा तालिम तथा प्रशिक्षण सञ्चालन गर्ने, गराउने,

(ढ९) मुलुकको आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार प्रबर्द्धन र व्यवस्थापनको क्षेत्रमा राष्ट्रिय सम्पर्क बिन्दु (नेशनल फोकल पोइन्ट) को रूपमा कार्य गर्ने,

(ढ१०) द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय व्यापार सम्बन्धी समसामयिक विषयहरुमा अध्ययन तथा अनुसन्धान गरी सोको प्रतिवेदन प्रकाशन गर्ने,

(ढ११) स्वदेश तथा विदेशमा आयोजना हुने व्यापार मेला तथा व्यापार प्रदर्शनीमा नेपाली उद्यमी, व्यवसायीलाई सहभागी गराउन आवश्यक समन्वय तथा सहजीकरण गर्ने,।"

५. **मूल आदेशको दफा ५ मा संशोधन** : मूल आदेशको दफा ५ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ :-

"(६) समितिले व्यापार तथा निकासीको क्षेत्रसँग सम्बन्धित विज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।"

आधिकारिकता मदण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हनेछ।

६. **मूल आदेशको दफा ७ मा संशोधन** : मूल आदेशको दफा ७ को,-

(१) उपदफा (१) मा रहेका "उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा" भन्ने शब्दहरुको सट्टा "उपाधि हासिल गरेको र उद्योग तथा वाणिज्य सम्बन्धी विषयमा अध्ययन, अध्यापन, अनुसन्धान वा प्रशिक्षण कार्यमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको वार्षिक बजेट, कार्यक्रम तथा योजना तयार गरी समिति समक्ष पेश गर्ने,

(ख) समितिको बैठकमा पेश गरिने विषयको प्रस्ताव तयार गर्ने, गराउने,

(ग) समितिको सम्पत्तिको रेखदेख गर्ने तथा त्यस्तो सम्पत्तिको अभिलेख अद्यावधिक गरी राख्ने,

(घ) समितिबाट भएका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ङ) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमको निरीक्षण तथा अनुगमन गर्ने, गराउने,

(च) समितिको दैनिक प्रशासन सञ्चालन गर्ने,

(छ) समितिले तोकिदिएका अन्य काम गर्ने, गराउने ।"

(३) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सेवाको अन्य शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।"

७. **मूल आदेशको दफा ८ मा संशोधन** : मूल आदेशको दफा ८ को उपदफा (१) को खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन्:-

"(ख) सहसचिव (प्रशासन महाशाखा हेर्ने), वाणिज्य मन्त्रालय -सदस्य

आधिकारिकता मदण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हुनेछ।

(ग) मन्त्रालयले तोकेको व्यापार वा निकासीसँग सम्बन्धित विशेषज्ञ -सदस्य"

८. **मूल आदेशको दफा १० मा संशोधन** : मूल आदेशको दफा १० को,-

(१) उपदफा (२) को खण्ड (ग) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "नेपाल सरकारको" भन्ने शब्दहरुको सट्टा "अर्थ मन्त्रालयको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) तालिम वा प्रशिक्षण कार्यक्रम सञ्चालन गरे बापत सम्बन्धित व्यक्ति वा निकायबाट समितिले तोके बमोजिमको सेवा शुल्क बापतको रकम"

(३) उपदफा (४) मा रहेको "नेपाल अधिराज्यको" भन्ने शब्दहरुको सट्टा "नेपालभित्रको" भन्ने शब्दहरु राखिएका छन् ।

९. **मूल आदेशको दफा ११ मा संशोधन** : मूल आदेशको दफा ११ को उपदफा (३) मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ ।

१०. **मूल आदेशको दफा १८ मा संशोधन** : मूल आदेशको दफा १८ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय" भन्ने शब्द राखिएको छ ।

११. **रुपान्तर** : मूल आदेशको ठाउँठाउँमा रहेका "उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "मन्त्रालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।

आज्ञाले,

चन्द्र कुमार घिमिरे

नेपाल सरकारको सचिव

आधिकारिकता मदण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हनेछ।